# पुष्प बहुउद्देश्यीय सहकारी संस्था लि.

बुटवल-७, पुष्पनगर, रुपन्देही

श्री शेयर सदस्यज्यू

**विषयः सहभागी भै दिनु हुन।**

यस संस्थाको मिति २०७७।०९।०२ गते बसेको विस्तारित बैठकको निर्णय अनुसार २१ औं बार्षिक साधारण सभा नेपाल सरकार, भूमि व्यवस्था तथा गरीवी निवारण मन्त्रालय ,सहकारी विभाग, प्रशासन तथा सहकारी साखाको मिति २०७७/०६/०१, पत्र संख्या ,चलानी नं. २०२/०७७/०७८ पत्रको बुँदा नं.६ बमोजिम संस्थाको २१ औं वार्षिक साधारण सभा बिद्युतिय माध्यमवाट संचालन गर्ने निर्णय भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निम्न मिति र समयमा बिद्युतिय माध्यमवाट हुने साधारण सभामा अनिवार्य सहभागी भई दिनुहुनका लागि सादर अनुरोध गर्दछौं।

**छलफलका विषयहरू**:

१. अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल र निर्णय।

२. आ.व.२०७६।०७७ को प्रस्तुत लेखा प्रतिवेदनमाथि छलफल र निर्णय।

३. आ.व.२०७७।०७८ को बार्षिक कार्यक्रम तथा अनुमानित बजेट माथि छलफल र निर्णय।

४. लेखा सु-परिवेक्षण समितीको प्रतिवेदनमाथि छलफल र निर्णय

५. लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।

६. विनियम संशोधन सम्बन्धमा।

७. साधारण सभाबाट निर्णय पुस्तिकामा हस्ताक्षर गर्न संचालक समिती तथा सदस्यहरुको तर्फबाट प्रतिनिधि चयन सम्बन्धमा।

८. सम्पती शुद्धीकरण निवारण आन्तरिक कार्यविधि २०७७ उपर छलफल र पारित सम्वन्धमा।

९. विविध

**कार्यक्रम**:

मितिः २०७७ पौष २५ गते, शनिबार

समयः बिहान ११:०० बजे।

स्थानः वुटवल ७,पुष्पनगर।

**नोट**: कार्यालयमा उपस्थित जनाउने सदस्यहरुलाई यातायात खर्चको समेत व्यवस्था गरीएको छ।

१. २०७६ सालको एस.ई.ई. विशिष्ट श्रेणीमा उत्कृष्ट अंकका साथ उत्तीर्ण हुने शेयर सदस्यका छोराछोरी मध्येबाट १/१ जना छात्र,छात्रालाई सम्मान गर्ने कार्यक्रम रहेको २०७७ पौष २० गते कार्यालय समयभित्र आधिकारीक प्रमाण-पत्र सहित १ प्रति फोटो बुझाउनहुन जानकारी गराइन्छ।

२.जेष्ठ नागरीक सम्मान कार्यक्रम अन्तर्गत १ जना पुरुष शेयर सदस्य र १ जना महिला शेयर सदस्यलाइ सम्मान गरीने भएकोले जेष्ठ सदस्यहरुले २०७७ पौष २० गते कार्यालय समयभित्र आधिकारिक र प्रमाणपत्र (नागरीकता) को साथै १ प्रति फोटो बुझाउनुहुन जानकारी गराईन्छ।

**पुनश्चः स्मरण रहोस् १ पटक सम्मानित भईसकेका जेष्ठ शेयर सदस्यलाई पुनः सम्मानित गरीने छैन।**

चरण तिमल्सेना
अध्यक्ष

## सहकारी विभागबाट जारी भएको मापदण्ड अनुसार यस संस्थाको साधारण सभा सञ्चालन सम्बन्धी कार्ययोजना , २०७७

१. विश्वब्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को संक्रमण तिब्र रुपमा फैलिरहेको अवस्थामा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाई संस्थाले बनाएको साधारण सभा संचालन सम्बन्धि मापदण्डको आधारमा साधारण सभा सम्बन्धि तोकिएको दिनमा उपस्थिति जनाउन सकिनेछ ।

२. साधारणसभामा विविध विषय उपर छलफल गर्न इच्छुक सदस्यहरुले मिति २०७७ पौष २२ गते कार्यालय समयभित्रमा संस्थामा लिखित रुपमा सुझाव दिनुपर्नेछ ।

३. आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन संस्थामा सम्पर्क गरी लिन सकिनेछ । संस्थामा उपस्थित भई प्रतिवेदन लिन असमर्थ हुने अवस्था रहेमा सस्थाको आधिकारिक वेभ साइट www.hamropushpa.com बाट प्रतिवेदन अध्ययन गर्न सकिनेछ ।

४. साधारणसभामा तोकिएको समयभित्रमा उपस्थित जनाउने शेयर सदस्यहरुलाई स्वीकृत यातायात खर्च नगद उपलब्ध गराइनेछ ।

५. विश्वब्यापी महामारी कोभिड-१९ को कारण स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै सहकारी विभागले दिएको मार्गनिर्देशनका आधारमा धेरै भिडभाड हुन नदिई साधारण सभा सम्पन्न गर्नुपर्ने भएकाले यो साधारण सभालाई २०७७/०९/१५ देखि पौष २३ सम्मको अवधिभित्र साधारण सभा उपस्थित पुस्तिका खुला गरीनेछ। सदस्यहरुले तोकिएको दिनहरुमा संस्थामा प्रत्यक्ष रुपमा उपस्थित भई साधारण सभाको पुस्तिकामा उपस्थिति जनाउनुपर्ने छ । प्रतिवेदन उपर जिज्ञासा वा सुझाब भएमा गोप्य वा खुला रुपमा साधारण सभाका लागि छुट्याईको सुझाब पेटिका, संस्थाको आधिकारिक इमेल www.pushpamultipurpose@gmail.com वा फोन सम्पर्क कुनै पनि माध्यमबाट आफ्ना बिचार राख्न सकिनेछ ।

६. साधारण सभामा निर्णय पुस्तिका प्रमाणित गर्नका लागि प्रत्येक दिन उपस्थित हुने शेयर सदस्यहरु मध्येबाट एक/एक जना गरी जम्मा ९ जना र निर्णय लिइने अन्तिम दिनको साधारणसभा कार्यक्रमबाट तीन जना गरी जम्मा १२ जना प्रतिनिधि चयन गरीनेछ । प्रत्येक दिन उपस्थित हुने सदस्यहरुबाट प्राप्त सुझाबहरुको आधारमा बहुमत प्रतिनिधिहरुबाट साधारण सभाको निर्णय गराई सबै प्रतिनिधिहरुबाट प्रमाणित गराउनुपर्नेछ ।

७.सदस्यहरुको सुविधाहरुको लागि अनलाईन वा प्रत्यक्ष रुपमा दिन सकिने गरी साधारण सभा सम्बन्धि सुझाब फाराम भर्ने ब्यवस्थाको बारेमा जानकारी गराई अधिकतम सदस्यहरुलाई निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्नका लागि आवश्यक ब्यवस्था मिलाइनेछ ।

| साधारण सभामा सहभागी हुनका लागि तपसिल अनुसारको Zoom Id र Password प्रयोग गर्नुहोला। | |
|---|---|
| Zoom Id = 9801238412 | Password = pushpa |